# सिराहा जिल्ला अदालत

## सिराहा

वार्ताद्वारा दशीका जिन्सी सामानहरू बिक्री गर्ने सम्बन्धी जरूरी सूचना

सूचना प्रकाशित मिति २०७७।९।९

सूचना ! सूचना !! सूचना !!!

विभिन्न मुद्दाहरूमा दशी स्वरूप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न चारपाङग्रे गाडीहरू जे जस्ता अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ बमोजिम एकमुष्ट लिलाम बिक्री गरिने भएकोले मिति २७७६।१०।२७ को मूल्यांकन समितिको निर्णयानुसार ईच्छुक व्यक्ति, संस्था वा फर्महरूबाट शिलबन्दी बोलपत्रद्वारा डाँक बढावढको लागि आह्वान गरी मिति २०७७।८।१४ मा प्रथम पटक र मिति २०७७।८।२९ मा दोस्रो पटक लिलाम हुने भनी दोस्रो पटक सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मितिमा कोही कसैले पनि लिलाममा चढेका उक्त चार पाङग्रे गाडीहरू लिलाम सकार गर्न नआएकोले उक्त जिन्सी समानहरू जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को उपनियम ११ अनुसार कानूनले तोकेको विभिन्न कार्यालययका प्रतिनिधीहरू समेतका रोहवरमा वार्ता द्वारा एकमुष्ट बिक्री गरिने भएकाले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

| क्र.सं. | गाडी नं. | गाडको नाम र उत्पादन वर्ष हर्षपावर | कम्पनीको नाम | मोडेल | रंग | चेसिस नं./ ई.नं. | प्रस्तावित मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | BR 125071 रातो कार *Santro car* | hyundai1086 cc | hyundai | *2016* | रातो | MALAC51HRGM611493<br>G4HD5M517191 | RS.2,50,000 | |
| २ | BR 32E5155 Scorpio White | Mahindra scorpio 2523cc | Mahindra and mahindra | 2010 | सेतो | MA1TA2GDKA2K11516<br>GDA4K97099 | RS.9,00,000 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | वा १ ज ६४५५<br>भाडा माइक्रोबस | TATA- | MICROBUS | 2010 | सेतो | DM24A27506<br>MA1KAZDAC23A-30018 | RS.30,000 | SCRAP |
| ४ | BR04A9383 | Mahindra 2523CC | MAHINDRA MARSGAL DX | 2013 | सेतो | MA1NL2ACA12D12061<br>AC14D65866 | RS.6,50,000 | |
| ४ थान गाडीको न्यूनतम मोल रू. | | | | | | | १८,३०,०००।- | |

१. वार्ता द्वारा बिक्री गरिने मिति समय र स्थान- २०७७ साल पौष २० गते दिउँसो २.०० बजे देखि ४.०० बजे सम्म यस अदालतको तहसिल शाखामा र सो दिन सार्वजनिक बिदा पर्न गए सो दिनपछी कार्यालय खुलेको दिन सोही समयमा र स्थानमा वार्ता द्वारा लिलाम बिक्री गरिनेछ ।

२. वार्तामा सहभागी हुन चाहने व्यक्ति संस्था वा फर्मले मिति २०७७।९।२० गते दिउँसो २.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा निवेदन दस्तुर रू. २,०००।—(दुई हजार फिर्ता नहुने गरी) यस अदालतमा बुझाई वार्तामा निवेदक स्वयं उपस्थित हुनुपर्ने छ ।

३. निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराइदिने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराइ निर्धारित समय भित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मूल्य कायम गरिने र एक भन्दा वढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागी बीच लिलाम बढाबढको प्रक्रिया अपनाइने छ । सो प्रक्रियामा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाइएका उक्त जिन्सी समानहरू बिक्रि गरिनेछ ।

५. वार्ता द्वारा लिलाममा आफूले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै तत्काल धरौट राख्नु पर्नेछ । वार्ता लिलाम सम्पन्न भए पछी डाक सकार गरिलिने व्यक्तिले ७ दिन भित्र आफूले कबुल गरेको मूल्यको १३ प्रतिशतले हुने मूल्य अभिवृद्विकर र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र समान उठाई लैजानु पर्नेछ । सो समयावधि भित्र आफूले कबूल गरेको रकम र मूल्य अभिबृद्वि कर दाखिला नगरेमा राखेको १० प्रतिशत धरौट रकम कानून बमोजिम जफत गरिनेछ ।

६. लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटी सोहि दिन फिर्ता गरिनेछ ।

७. अन्य कुराहरू यस अदालतबाट यस अघि प्रकाशित सूचना एवं प्रचलित कानून बमोजिम हुनेछ ।

८. यस सम्बन्धी थप कुराहरू बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिने छ

सेस्तेदार

उप-सचिव